# लुङ्ग्री गाउँपालिका

# स्थानीय राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

खण्डः ९) बडाचौर, कार्तिक २७ गते, २०८२ साल (संख्या ६

## कृषि तथा पशु वस्तुमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रम सञ्चालन कार्यविधि, २०८२
## (लुङ्ग्री गाउँपालिका र हेफर प्रोजेक्ट ईन्टरनेशनल नेपालको साझेदारीमा सञ्चालित)

**प्रस्तावनाः**

लुङ्ग्री गाउँपालिकाभित्र रहेका साना किसान तथा युवाहरूको आयआर्जन वृद्धि, रोजगारी सिर्जना र कृषि तथा पशुजन्य व्यवसायलाई व्यावसायिक, दिगो र प्रतिस्पर्धी बनाउने उद्देश्यले स्थानीय आवश्यकता र सम्भावनामा आधारित कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको छ। यसका लागि मागमा आधारित अनुदान, क्षमता विकास, प्रविधि हस्तान्तरण तथा बजार प्रवर्द्धनका कार्यहरूलाई पारदर्शी र व्यवस्थित रुपमा कार्यान्वयन गर्न लुङ्ग्री गाउँपालिका र हेफर प्रोजेक्ट ईन्टरनेशनल नेपालको साझेदारीमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यो "कृषि तथा पशु वस्तुमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" बनाइएको छ।

### परिच्छेद — १ः प्रारम्भिक तथा परिभाषा

**१. नाम र प्रारम्भ**

**१.१. नामः** यो कार्यविधिको नाम **'कृषि तथा पशु वस्तुमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रम सञ्चालन कार्यविधि, २०८२'** रहनेछ।

**१.२. प्रारम्भः** यो कार्यविधि लुङ्ग्री गाउँ कार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्त लागू हुनेछ।

**२. परिभाषा**

प्रसङ्गले अर्को अर्थ नलागेमाः

**२.१. गाउँपालिकाः** लुङ्ग्री गाउँपालिका, रोल्पा।

**२.२. साझेदार संस्थाः** गैरसरकारी संस्था हेफर प्रोजेक्ट ईन्टरनेशनल नेपाल ।

**२.३. कार्यक्रमः** यो कार्यविधि बमोजिम गाउँपालिका र साझेदार संस्थाको संयुक्त लगानीमा सञ्चालन गरिने **'कृषि तथा पशु वस्तुमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रम'**।

**२.४. उद्यमी/निवेदकः** गाउँपालिका भित्रका साना किसान वा १८ देखि ४५ वर्ष उमेर समूहका युवा जो कृषि तथा पशु वस्तुमा आधारित उद्यम सञ्चालन गर्न चाहन्छन्।

**२.५. अनुदानः** परियोजनाको कुल लागतमा गाउँपालिका र साझेदार संस्थाले बेहोर्ने रकम।

## परिच्छेद — २: कार्यक्रमको लक्ष्य, लगानी र दायित्व

**३. कार्यक्रमको लक्ष्य**

**३.१. आय वृद्धिः** छनौट भएका उद्यमीहरूको ३ वर्षभित्र न्यूनतम **५०%** ले आयस्तर वृद्धि गर्ने।

**३.२. रोजगारी सिर्जनाः** कार्यक्रमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कम्तीमा **६० जना** लाई रोजगारी प्रदान गर्ने।

**३.३. मागमा आधारित कार्यक्रमः** गाउँपालिकाको कृषि तथा पशु विकासको प्राथमिकता (जस्तैः दुग्धजन्य पदार्थ, उच्च मूल्यका तरकारी, बाख्रा/कुखुरा पालन) मा आधारित भई मागको आधारमा परियोजना छनौट गर्ने।

**३.४. संस्थागत सवलीकरण र स्थायीत्वः** स्थानीय कृषि समुहहरु, सहकारी संस्थाहरु तथा त्यसले समेटिएका सदस्यहरुको सवलीकरण गर्ने,

**३.५. बजार प्रवर्द्धनः** गाउँपालिका भित्रका किसानहरुले उत्पादन गरेका कृषि उपजहरुले सहज रुपमा बजारमा पहूँच तथा उचित मूल्य पाउनेछन्।

**४. कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समिति**

४.१. **गठनः** कार्यक्रमको प्रभावकारी सञ्चालन, अनुगमन र मूल्याङ्कनका लागि देहाय बमोजिमको समिति गठन गरिनेछः

क) गाउँपालिका अध्यक्ष- **संयोजक**

ख) गाउँपालिकाको उपाध्यक्ष- **सदस्य**

ग) प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका- **सदस्य**

ख) सम्बन्धित वडाको वडा अध्यक्ष- **सदस्य**

ग) साझेदार संस्था (हेफर नेपाल) को प्रतिनिधि- **सदस्य**

घ) कृषि शाखा प्रमुख — **सदस्य/सचिव**

४.२. **कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकर देहाय बमोजिम हुनेछनः**

क) स्विकृत बजेट अनुसार वार्षिक/विस्तृत कार्ययोजना बनाई कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्ने।

ख) कार्यक्रमको प्रगति, परिणाम र चुनौतीहरूको नियमित अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन तैयार गर्ने।

ग) वडा, शाखा तथा साझेदार संस्था (हेफर नेपाल) सहित सरोकारवालाबीच समन्वय गर्ने।

घ) कार्यक्रमका खर्च, स्रोत-साधन प्रयोग तथा खरिद प्रक्रियामा पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्ने।

ङ) मापदण्डअनुसार निष्पक्ष लाभग्राही छनोट गरी आवश्यक तालिम, प्रविधि तथा सेवामा पहुँच सुनिश्चित गर्ने।

च) कार्यक्रम दिगो, प्रभावकारी र परिणाममुखी बनाउन आवश्यक नीति/सुधारका सुझाव तथा सिफारिस गर्ने।

## ५. कार्यक्रमको स्रोत र लगानी

| **विवरण** | **लगानी रकम (रु.)** | **प्रतिशत (%)** | **टिप्पणी** |
|---|---|---|---|
| **५.१. लुङ्ग्री गाउँपालिकाको विनियोजित रकम** | रु. २१,००,०००/- | ५१.२२% | नगद/जिन्सी अनुदान तथा प्रशासनिक खर्च |
| **५.२. साझेदार संस्था (हेफर नेपाल) को लगानी** | रु. २०,००,०००/- | ४८.७८% | प्राविधिक सहयोग, क्षमता विकास तथा अनुदान |
| **कुल कार्यक्रम बजेट** | **रु. ४१,००,०००/-** | **१००%** | |

**५.३. खाता सञ्चालनः** कार्यक्रमको अनुदान रकम व्यवस्थित गर्नका लागि गाउँपालिकाले गर्ने खर्चको हकमा प्रचलित कानून बमोजिम गाउँपालिकाको खाता सञ्चालन हुनेछ भने साझेदार संस्थाले गर्ने खर्चको व्यवस्थापन गर्नका लागि सम्बन्धित साझेदार संस्थाले छुट्टै खाता सञ्चालन गर्नेछ।

**६. साझेदारहरूको दायित्व**

**६.१. गाउँपालिकाको दायित्वः** कार्यक्रमको समग्र व्यवस्थापन, सार्वजनिक सूचना जारी, प्रशासकीय नियन्त्रण, अनुगमनका लागि स्थानीय तहमा प्राविधिक कर्मचारी खटाउने र लेखापरीक्षणको व्यवस्था मिलाउने।

**६.२. हेफर नेपालको दायित्वः** कार्यक्रमको कार्यान्वयनमा गाउँपालिकालाई सहयोग गर्ने, आवश्यकता अनुसार उद्यमशीलता विकास तालिम र प्राविधिक सहयोग उपलब्ध गराउने, कार्यान्वयनका लागि कर्मचारी खटाउने।

**७. कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरुको विवरणः**

७.१ क्रियाकलापहरु लुङ्ग्री गाउँपालिकामा गठन भएका कृषक समुह, सहकारी संस्था, महिला समुह, तथा युवा उद्यमीहरुमा सञ्चालन गरिनेछ।

७.२ कार्यक्रमको स्विकृत बार्षिक कार्यक्रम तथा बजेटको परिधिभित्र रही अनुसूची-१ र २ बमोजिमका क्रियाकलापहरु सञ्चालन हुनेछन्।

## परिच्छेद — ३ः मागमा आधारित अनुदानको ढाँचा र छनौट प्रक्रिया

**८. मागमा आधारित अनुदान कार्यक्रमको ढाँचा**

**८.१. अनुदान प्रतिशतः** परियोजनाको कुल लागतको **अधिकतम ६०%** रकम अनुदानको रूपमा उपलब्ध गराइनेछ।

**८.२. उद्यमीको स्व-लगानीः** उद्यमीले बाँकी **न्युनतम ४०%** रकम स्व-लगानी (नगद, श्रम, वा जिन्सीको रूपमा) गर्नुपर्नेछ। **श्रम/जिन्सीको मूल्याङ्कन** कृषि तथा पशु शाखाको प्राविधिकले गरेको सिफारिसको आधारमा मात्र मान्य हुनेछ।

**८.३. अनुदानको अधिकतम सीमाः** एक उद्यमीलाई उपलब्ध गराइने अधिकतम अनुदान रकम व्यक्तिको हकमा रु. ४०,०००/- (चालिस हजार मात्र) भन्दा बढी हुने छैन भने समूहको हकमा रु.९०,०००/- (नब्बे हजार मात्र) भन्दा बढि हुने छैन।

**९. आवेदन र योग्यता**

९.१. **सूचना आव्हानः** कृषि तथा पशु शाखाले कम्तीमा **१५ दिने** सार्वजनिक सूचना (रेडियो, सूचनापाटी वा अनलाइन माध्यमबाट) प्रकाशित गरी आवेदन माग गर्नेछ।

९.२. **निवेदकको योग्यताः**

- निवेदक कम्तीमा १८ वर्ष पूरा भएको र लुङ्ग्री गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्ने।
- समुहको हकमा लुङ्ग्री गाउँपालिकाको कृषि तथा पशु शाखामा नियमानुसार दर्ता भएको वा साझेदार संस्थामा दर्ता भएको हुनुपर्नेछ।
- एउटै व्यक्ति वा परिवारले यो कार्यक्रमबाट एक पटक मात्र अनुदान प्राप्त गर्न सक्नेछ।
- निवेदकले कम्तीमा ३ वर्षे व्यावसायिक कार्ययोजना प्रस्ताव फारम साथ पेश गर्नुपर्नेछ।
- निवेदकको पुरानो कुनै पनि सरकारी अनुदानको बक्यौता नरहेको हुनुपर्ने।

## १०. परियोजना छनौट र सिफारिस

१०.१. **प्राथमिक मूल्याङ्कनः** कृषि तथा पशु शाखा प्रमुखको संयोजकत्वमा रहेको एक उप-समितिले प्राप्त आवेदनहरूको **न्यूनतम मापदण्ड** (योग्यता, कागजात पूर्णता, र प्राथमिकता) को आधारमा मूल्याङ्कन गर्ने।

१०.२. **स्थलगत अवलोकनः** प्राथमिकता प्राप्त (Shortlisted) परियोजनाहरूको **स्थलगत सम्भाव्यता अध्ययन** र अवलोकन गरिनेछ। यसमा परियोजनाको दिगोपन, वातावरणीय पक्ष र उद्यमीको क्षमताको मूल्याङ्कन गरिनेछ।

१०.३. **अन्तिम छनौटः** स्थलगत प्रतिवेदन र सिफारिसको आधारमा **कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समिति** ले सर्वसम्मति वा बहुमतको आधारमा अनुदान पाउने उद्यमीहरूको अन्तिम छनौट गर्नेछ।

## ११. सम्झौता र भुक्तानी प्रक्रिया

११.१. **त्रिपक्षीय सम्झौताः** छनौट भएका उद्यमीसँग गाउँपालिका (प्रमुख प्रशासकीय अधिकृत), साझेदार संस्था (प्रतिनिधि) र उद्यमी स्वयंबीच अनुदान परिचालनका शर्तहरू सहितको **त्रिपक्षीय सम्झौता** गरिनेछ।

११.२. **अनुदान भुक्तानीः**

- **पहिलो किस्ता (४०%):** सम्झौताको मितिले १५ दिनभित्र उद्यमीले आफ्नो स्व-लगानी (न्यूनतम ४०%) को प्रमाण (बिल/भर्पाई वा जिन्सी मूल्याङ्कन) पेश गरेपछि पहिलो किस्ता भुक्तानी गरिनेछ।
- **दोस्रो किस्ता (४०%):** पहिलो किस्ताको रकमबाट भएका कामको भौतिक प्रगति **६०%** पुगेको र शाखाको प्राविधिकले अनुगमन गरी सिफारिस गरेपछि।
- **तेस्रो किस्ता (२०%):** परियोजनाको सम्पूर्ण काम सम्पन्न भई उद्यमीले परियोजना हस्तान्तरण (Completion Report) पेश गरेपछि र समितिको अन्तिम अनुगमनबाट चित्त बुझेपछि भुक्तानी गरिनेछ।

## १२. अनुगमन र मूल्याङ्कन

**१२.१. निरन्तर अनुगमनः** कृषि तथा पशु शाखा र हेफर नेपालको प्रतिनिधिले संयुक्त रूपमा परियोजनाहरूको **त्रैमासिक अनुगमन** गरी समितिलाई प्रतिवेदन बुझाउनु पर्नेछ।

**१२.२. भौतिक परीक्षणः** भुक्तानीका हरेक किस्ता अगाडि अनिवार्य रूपमा **भौतिक परीक्षण** गरिनेछ।

**१२.३. लगानी फिर्ताः** यदि कुनै उद्यमीले सम्झौताको शर्तहरू उल्लङ्घन गरेको वा अनुदानको रकम दुरुपयोग गरेको पाइएमा, समितिले निर्णय गरी भुक्तानी भइसकेको अनुदान रकम **सरकारी बाँकी सरह असुलउपर** गर्न सक्नेछ।

## परिच्छेद- ४ अन्य कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी

**१३. कृषि समुहहरुलाई क्षमता विकास तथा नेतृत्व विकास तालिम कार्यक्रम सञ्चालनः**

**१३.१** तालिम स्थानीय स्तरमा कृषि कार्य गर्ने समुह तथा सहकारी संस्थाका एक-एक जना प्रतिनिधिहरुलाई दिइनेछ।

**१३.२** तालिम कार्यक्रममा सहभागीहरुलाई समूह सञ्चालन, बचत परिचालन, वित्तिय साक्षरता तथा नेतृत्व विकास लगायतका शिर्षकमा २ दिनमा बढीमा ६ सिफ्टमा तालिम सञ्चालन गरिने छ।

**१३.३** तालिममा सहभागीहरुका लागि खाजा तथा मसलन्द सामाग्री र प्रशिक्षक शुल्क लुङ्ग्री गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७९ बमोजिम उपलब्ध गराइनेछ।

**१४. बालि संरक्षण (पासो तथा मोहिनी) को प्रयोग सिकाई तथा वितरणः**

**१४.१** यस कार्यक्रमले स्थानीय कृषक तथा उद्यमीलाई आफ्नो बालीमा लाग्ने किरा-कीट तथा जनावरबाट बचाउन किसानलाई Sticky Trap, Pheromone Trap, Mohini Lure, Rodent Trap जस्ता पासो तथा मोहिनी प्रयोग गर्ने तरिका सिकाउनेछ।

**१४.२** पहिलो वर्षमा कम्तीमा १०० किसानलाई पासो तथा मोहिनी प्याकेज वितरण गरिनेछ र त्यसको प्रत्यक्ष लाभ किसानले प्राप्त गर्नेछन्।

**१५. साना किसानका लागि मिनि टिलर (Mini Tiller) वितरण कार्यक्रम सञ्चालनः**

**१५.१** गाउँपालिकाले स्थानीय स्तरमा सक्रिय रहेका र अनुगमन समितिले उचित ठहऱ्याएका ७ कृषक तथा कृषि समुहलाई मिनि टिलर उपलब्ध गराउनेछ।

**१५.२** प्रत्येक मिनि टिलर लिन चाहने कृषक समूहले ५०% आफूले लगानी गर्नेछन् भने पालिकाले बाँकी ५०% सहायता अनुदान दिनेछ।

**१५.३** किसान र कृषि समूहलाई घरायसी कृषि प्रयोजनका लागि मिनि टिलर प्रयोग गर्ने तरिका पालिकाको प्राविधिकले सिकाउने छन्।

**१५.४** माथि परिच्छेद ३ बमोजिमको अनुदान प्राप्त कृषक तथा समुहले यो अनुदान प्राप्त गर्नेछैन। तथापी अन्य कृषक समूह इच्छुक नभएमा परिच्छेद ३ बमोजिमको अनुदान प्राप्त कृषक समुहलाई मिनि टिलर वितरण गर्न बाधा पर्ने छैन।

**१६. स्थानीय उत्पादनको बजार प्रवर्द्धन र व्यवस्थापन कार्यक्रमः**

**१६.१** स्थानीय कृषकहरूलाई उत्पादित वस्तुको बजारीकरण सम्बन्धी अभिमुखिकरण प्रदान गर्ने, जस अन्तर्गत बजार पहुँच, मूल्य निर्धारण, प्याकेजिङ्ग तथा गुणस्तर मापदण्ड सम्बन्धी सीप विकास।

**१६.२** बाजार व्यवस्थापन समिति गठन गर्ने जसबाट किसान, व्यापारी तथा सरोकारवाला निकायको सहभागितामा स्थायी संरचना बनाइने।

**१६.३** उत्पादन संकलन, ढुवानी तथा वितरणमा समन्वय।

**१६.४** स्थानीय तथा बाह्य व्यापारीलाई स्थानीय उत्पादनतर्फ आकर्षित गर्ने।

**१६.५** किसानको उत्पादनले उचित मूल्य र दिगो बजार पाउने वातावरण निर्माण गर्ने।

## परिच्छेद- ५ः विविध

**१७. कार्यक्रमको अवधि**

**१७.१.** यो कार्यक्रम, कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समितिले तोकेको मितिबाट प्रारम्भ भई आर्थिक वर्षको अन्तिमसम्म वा **नेपाल सरकारको अर्को व्यवस्था नभएसम्म** लागू रहनेछ।

**१८. संशोधन तथा व्याख्या**

**१८.१. संशोधनः** यो कार्यविधिमा आवश्यक संशोधन गाउँ कार्यपालिकाले मात्र गर्न सक्नेछ।

**१८.२. व्याख्याः** यो कार्यविधि कार्यान्वयनमा कुनै अस्पष्टता वा कठिनाई उत्पन्न भएमा, त्यसको व्याख्या गर्ने अधिकार **गाउँ कार्यपालिका** लाई हुनेछ।

आज्ञाले
अनिल रिजाल
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

(कार्यविधिको दफा ७.२ सँग सम्बन्धित)

| क्र.सं. | कार्यक्रमहरु | लागत अनुमान | कार्यक्रमको फाइदा | अनुमानित लाभग्राही | लगानी साझेदार | कैफियत |
| --- | --- | --- | --- | --- | --- | --- |
| १. | कृषि तथा पशुपालन सम्बन्धि क्रियाकलापमा मागमा आधारित अनुदान कार्यक्रम | १५ लाख ४० हजार | स्थानीय स्तरका किसान तथा उद्यमीलाई उत्पादन वृद्धि गर्न सहयोग पुग्ने, आय/आर्जन विस्तारका कार्यक्रमले स्थानीय स्वरोजगार बढाउने, आधुनिक प्रविधिको प्रयोगमा प्रोत्साहन गर्ने, आत्मनिर्भरता तथा खाद्य सुरक्षा अभिवृद्धि गर्ने, व्यवसायिक कृषि प्रवर्द्धनमा जोड दिने। | १४ कृषि समूह (प्रत्येक वडामा २ वटाका दरले तथा ७ युवा उद्यमी) | गाउँपालिका | |
| २. | कृषि समुहहरुलाई क्षमता विकास तथा नेतृत्व विकास तालिम | १५०००० | स्थानीय स्तरमा गठन भएका सम्पूर्ण कृषि समूहहरु, सहकारी संस्थाहरु तथा अन्य समूहहरुलाई उत्पादनका साथसाथै समुह व्यवस्थापनमा क्षमता अभिवृद्धि गर्ने साथै समूहका सञ्चालकहरुमा नेतृत्व सिप विकास गर्ने | लुङ्ग्री गाउँपालिकामा सञ्चालित कृषि तथा सहकारी समूहहरु (१/१ जना) | गाउँपालिका | लुङ्ग्री गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७९ बमोजिम |
| ३. | साना किसानका लागि मिनि टिलर (Mini Tiller) वितरण | २४०००० | कृषि कार्यमा श्रम बचत र समय व्यवस्थापन हुने, उत्पादन वृद्धि हुने लागत घटाउने | पहिलो चरणमा कम्तीमा ७ कृषक तथा कृषि समूह लाभान्वित हुनेछन्। | गाउँपालिका | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | स्थानीय उत्पादनको बजार प्रवर्द्धन र व्यवस्थापन कार्यक्रम | १५०००० | स्थानीय कृषकहरुलाई उत्पादित वस्तुको बजारीकरण सम्बन्धी अभिमुखिकरण दिइनेछ,<br>बजार व्यवस्थापन समिति गठन गरिने<br>स्थानीय तथा बाह्य व्यापारीलाई स्थानीय उत्पादन तर्फ आकर्षित गरिनेछ<br>किसानको उत्पादनले उचित मूल्य र बजार पाउनेछ। | | गाउँपालिका | |
| गाउँपालिका जम्मा | | २१,००,००० | | | | |

# अनुसूची-२

(कार्यविधिको दफा ७.२ सँग सम्बन्धित)

## हेफर प्रोजेक्ट ईन्टरनेशनल नेपालको प्रस्तावित बजेट तथा कार्यक्रम

| क्र.सं. | कार्यक्रम शिर्षक | बजेट |
|---|---|---|
| १ | समूह सञ्चालको बैठक | ३५०००/- |
| २ | सहकारी व्यवस्थापन तालिम | ५००००/- |
| ३ | सहकारी लेखा व्यवस्थापन तालिम | ८००००/- |
| ४ | बजारीकरणको लागि सहकारीलाई सहयोग | ५००००/- |
| ५ | सहकारी अध्ययन भ्रमण | ५२०००/- |
| ६ | कर्मचारीलाई तालिम | २००००/- |
| ७ | Post Harvest Training | ५००००/- |
| ८ | B2B Meeting with Buyers at Co-ops | ३००००/- |
| ९ | B2B Meeting with Insurance Company and Co-ops | १००००/- |
| १० | बजार संयोजक | ३०४०००/- |
| ११ | स्रोत व्यक्ति परिचालन | ९००००/- |
| १२ | सामुहिक बजारीकरण कार्यक्रम | ४००००/- |
| १३ | बजार सहजकर्ता (३ जना) | ६९६०००/- |
| १४ | सम्पर्क व्यक्ति परिचालन | १६००००/- |
| १५ | बजार समिति परिचालन | १५०००/- |
| १६ | लेखापाल | ४००००/- |
| १७ | कार्यालय भाडा | ४८०००/- |
| १८ | सञ्चार खर्च | २४०००/- |
| १९ | स्टेशनरी खर्च | ४००००/- |
| २० | कर्मचारीको दुर्घटना बिमा | १००००/- |
| २१ | यातायात खर्च | १५६०००/- |
|  | जम्मा | २०,००,०००/- |